## अनुसूची–३
### (नियम २२ उपनियम (२) सँग सम्बन्धित)
### विशेष आर्थिक क्षेत्रमा स्थापना तथा सञ्चालन गर्न सकिने उद्योगहरु

१. उर्जामूलक उद्योग : उर्जा उत्पादन गर्न प्रयोग गरिने मेशीन उपकरण निर्माण गर्ने उद्योग।

२. उत्पादनमूलक उद्योग :

(१) देहायका उद्योगहरु बाहेक कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्ध प्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने उद्योगहरुः-

(क) चुरोट, बिडीं, खैनी, सिंगार तथा सुर्तीजन्य वस्तु उत्पादन गर्ने,

(ख) ब्राण्डी, साइडर, वाइन, वियर तथा मदिरा उत्पादन गर्ने,

(ग) विष्फोटक पदार्थ उत्पादन गर्ने,

(घ) हात हतियार, गोली गठ्ठा, बारुद उत्पादन गर्ने।

(२) देहायसँग सम्बन्धित अन्य उत्पादनमूलक उद्योगहरुः-

(क) ऊन र रेशममा आधारित हाते बुनाइका राडी, पाखी, गलैचाँ, पश्मिना, पोशाक, हातेकागज र सोमा आधारित वस्तु,

(ख) परम्परागत कलामा आधारित वस्तु,

(ग) परम्परागत मूर्तिकला,

(घ) तामा, पित्तल, ढलौट, काँस, जर्मन सिल्भर जस्ता धातुबाट निर्मित भाडाँ वर्तन तथा हस्तकलाका सामान,

(ङ) फलामबाट बनेका भाँडा वर्तन तथा चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता औजार,

(च) सुनचाँदीबाट निर्मित गरगहना, वस्तु, भाँडा वर्तनहरु, बहुमूल्य, अर्ध बहुमूल्य तथा साधारण पत्थर जडान भएका समेत,

(छ) किमति, अर्ध किमति तथा साधारण पत्थर कटाई उद्योग, ट्यानिङ्ग, छालाबाट निर्मित वस्तु,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) जुट, सवाइ, घाँस, चोया, बाबियो, सुती धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित,

(झ) पत्थरकला (ढुंगा कुँदी बनाइएका सामानहरु),

(ञ) पौभा, थांकाचित्र र अन्य चित्रकला,

(ट) मुकुण्डो (मास्क) तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना,

(ठ) परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु,

(ड) काठ, हाड, सिङ्ग तथा माटो चट्टान र खनिजका कलात्मक वस्तुहरु, सेरामिक्स तथा माटाका भाँडाकुँडा ।

३. कृषि तथा वनपैदावरसँग सम्बन्धित देहायका उद्योगहरु :

(क) फलफूल प्रशोधन,

(ख) खाद्यवस्तु प्रशोधन,

(ग) मासु उत्पादन तथा प्रशोधन,

(घ) दुधका परिकार उत्पादन तथा प्रशोधन,

(ङ) मत्स्य प्रशोधन एवं प्याकेजिङ्ग,

(च) रेशम प्रशोधन,

(छ) चिया प्रशोधन,

(ज) कफी प्रशोधन,

(झ) जडिबुटी प्रशोधन,

(ञ) तरकारी प्रशोधन,

(ट) मह प्रशोधन,

(ठ) पुष्प प्रशोधन,

(ड) रबरको प्रारम्भिक प्रशोधन र सञ्चालन,

(ढ) नगदेबालीको प्रशोधन,

(ण) बीउबीजन प्रशोधन ।

४. खनिज उद्योग : खनिज पदार्थ प्रशोधन तथा उत्पादन गर्ने उद्योग ।

५. सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित देहायका उद्योग :

(क) सफ्टवेयर विकास,

(ख) कम्प्यूटर तथा सम्बन्धित सेवा,

(ग) तथ्यांक प्रशोधन,

(घ) डिजिटल म्यापिङ्ग,

(ङ) विजनेश प्रोशेस आउटसोर्सिङ्ग (कल सेन्टर समेत),



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) डाटा माइनिङ्ग, क्लाउड कम्प्यूटिङ्ग,
(छ) रेकर्डिङ्ग स्टुडियो,
(ज) अडियो भिजुअल सामग्रीको उत्पादन,
(झ) विज्ञापन निर्माण,
(ञ) रेडियो सञ्चार उपकरण उत्पादन ।

६. सेवामूलक देहायका उद्योग :

(क) छापाखाना तथा छपाई सम्बन्धी सेवा,
(ख) पेशागत अनुसन्धान तथा विकास लगायतका परामर्श सेवा,
(ग) जिनिङ तथा वेलिङ्ग व्यवसाय,
(घ) चलचित्र निर्माण व्यवसाय,
(ङ) फोटोग्राफी,
(च) प्रयोगशाला,
(छ) खाद्यान्न कुटानी, पिसानी, पेलानी र प्याकिङ्ग गर्ने कार्य,
(ज) कपडा तथा धागो रङ्गाई, साइजिङ्ग र कपडा छपाई,
(झ) प्रकाशन सेवा,
(ञ) विज्ञापन सामग्री तयार गर्ने सेवा,
(ट) टेलिभिजनबाट प्रसारण गर्न बनाइएका कार्यक्रम र डकुमेन्ट्री, टेलिफिल्म उत्पादन तथा प्रसारण,
(ठ) खनिज अध्ययन तथा अनुसन्धान,
(ड) अनुसन्धान तथा विकास सेवा ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।